# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, जेठ ०४ गते, २०८३ साल (सङ्ख्या ०६

## भाग ३

### बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३

**प्रस्तावना:** बागमती प्रदेशका सीमान्तीकृत र विपन्न परिवारका विद्यार्थीलाई प्राविधिक शिक्षामा छात्रवृत्ति प्रदान गरी प्राविधिक जनशक्ति विकास गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "छात्रवृत्ति" भन्नाले दफा ३ बमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ।

(ख) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विपन्न" भन्नाले प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाई सिफारिस गरेको व्यक्ति वा प्रचलित कानून बमोजिम

तोकिएको निर्धारित आयभन्दा कम आय भएको व्यक्ति वा परिवार सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १० बमोजिमको छात्रवृत्ति छनोट समिति सम्झनु पर्छ।

(छ) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदायलाई समेत जनाउँछ।

## परिच्छेद- २

## छात्रवृत्ति कार्यक्रम र शर्त

३. **छात्रवृत्ति कार्यक्रमः** यस निर्देशिका बमोजिम देहायका छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन हुनेछन्:-

(क) मेडिकल डाक्टर (MBBS) अध्ययन छात्रवृत्ति,

(ख) आयुर्वेद डाक्टर बी.ए.एम.एस. (BAMS) अध्ययन छात्रवृत्ति,

(ग) भेटेनरी डाक्टर बी.भी.एस.सी. (BVSc) अध्ययन छात्रवृत्ति,

(घ) कृषि (Bsc Ag) अध्ययन छात्रवृत्ति,

(ङ) सिभिल इन्जिनियरिङ (B.E) अध्ययन छात्रवृत्ति,

(च) सूचना प्रविधि इन्जिनियरिङ (BE IT) अध्ययन छात्रवृत्ति,

(छ) स्टाफ नर्स तीन वर्षे अध्ययन छात्रवृत्ति।

४. **छात्रवृत्तिको शर्तः** (१) दफा ३ बमोजिम छात्रवृत्ति प्राप्त गर्न देहाय बमोजिम न्यूनतम शर्तहरु पूरा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) बागमती प्रदेशभित्रको स्थायी बासिन्दा हुनुपर्ने वा बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको हुनुपर्ने,

(ग) सामुदायिक माध्यमिक विद्यालयबाट एसईई उत्तीर्ण गरेको हुनुपर्ने।

(२) छात्रवृत्तिका लागि आवेदन दिन उपदफा (१) मा उल्लिखित कुराका अतिरिक्त देहाय बमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछः-

(क) सम्बन्धित निकायबाट अनुसूची- १ को ढाँचामा सीमान्तीकृत समुदाय वा विपन्न परिवारको रुपमा सिफारिस भएको,

(ख) सम्बन्धित निकायको विषयगत प्रवेश परीक्षा (Entrance Exam) उत्तीर्ण भई सम्बन्धित क्याम्पस/कलेजमा भर्ना भएको वा भर्नाका लागि सिफारिस भएको।

५. **छात्रवृत्ति प्राप्त गर्ने छात्राछात्र:** दफा ४ बमोजिमको शर्त पूरा गरेका देहाय बमोजिमका छात्राछात्रले यो निर्देशिका बमोजिमको छात्रवृत्ति प्राप्त गर्नेछन्:-

(क) दफा ३ को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको स्नातक तहको छात्रवृत्तिको हकमा सम्बन्धित निकायको प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रमको सूचीको प्राथमिकतामा रहेका मध्येबाट समितिबाट छनोट भएका प्रत्येक संकायको दुई-दुई जना विद्यार्थी,

(ख) स्टाफ नर्स अध्ययन छात्रवृत्तिको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी र निजी सम्बन्धन प्राप्त शिक्षालयमा भर्ना भई एसईईमा बढी GPA प्राप्त गरेको, GPA बराबर भएमा क्रमशः विज्ञान, गणित र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्क (Grade point) बढी भएका विद्यार्थीहरु प्राथमिकतामा रहेका मध्येबाट समितिबाट छनोट भएका दश जना छात्राहरु।

## परिच्छेद- ३

## छात्रवृत्ति छनोट प्रकिया तथा छात्रवृत्ति वितरण

६. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) निर्देशनालयले प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि दरखास्त आह्वान गर्दा एकै पटक वा फरक-फरक समयमा कम्तीमा पन्ध्र दिनको समय दिई देहायको विवरण खुलाई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) छात्रवृत्ति कार्यक्रम,

(ख) छात्रवृत्ति प्रदान गरिने शैक्षिक सङ्कायको तह र संख्या,

(ग) दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजात तथा अन्य विवरण,

(घ) दरखास्त फाराम बुझाउनु पर्ने स्थान र अन्तिम मिति,

(ङ) निर्देशनालयले आवश्यक ठानेका अन्य विषय।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीले दफा ४ बमोजिम सम्बन्धित छात्रवृत्तिको लागि तोकिएको शर्त पूरा भएको विवरण खुल्ने गरी अनुसूची-२ बमोजिमको ढाचाँमा निर्देशनालयमा निवेदन पेस गर्नु पर्नेछ।

७. **छनोट तथा सिफारिस प्रक्रियाः** (१) दफा ६ बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी छात्रवृत्ति कार्यक्रम अनुसार

विद्यार्थी छनोट तथा सिफारिस गर्न निर्देशनालयले समितिमा पठाउनेछ।

(२) दफा ४ बमोजिमका शर्त पूरा गरी आवश्यक कागजात पेस गरेका देहायका छात्रा छात्रको नाम अनुसूची-३ बमोजिम छनोट गरी दफा ३ बमोजिमको छात्रवृत्ति उपलब्ध गराउन समितिले देहायको विषय खुलाई निर्देशनालयमा सिफारिस गर्नु पर्नेछः-

(क) स्नातक तह एम.वि.वि.एस. (MBBS) र स्नातक तह बी.ए.एम.एस. (BAMS) को हकमा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रमको सूचीको प्राथमिकतामा रहेका तथा अनुसूची-३ मा उल्लिखित आधारमा छनोट भएका प्रत्येक संकायको दुई-दुई जना।

(ख) स्नातक तह पशु चिकित्सा शिक्षाको हकमा बी.भी.एस.सी. (BVSC) र कृषि (BSc Ag) विषयको लागि सम्बन्धित विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रमको सूचीको प्राथमिकतामा रहेका तथा अनुसूची-३ मा उल्लिखित आधारमा छनोट भएका प्रत्येक संकायको दुई-दुई जना।

(ग) स्नातक तह सिभिल इन्जिनियरिङ (B.E) र सूचना प्रविधि इन्जिनियरिङ (BE IT) विषयको हकमा सम्बन्धित विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रमको सूचीको प्राथमिकतामा रहेका तथा अनुसूची-३ मा उल्लिखित आधारमा छनोट भएका प्रत्येक संकायको दुई-दुई जना।

(घ) स्टाफ नर्स अध्ययनको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी र निजी सम्बन्धन वा स्वीकृति प्राप्त शिक्षालयमा भर्ना भई कक्षा दशमा बढी GPA प्राप्त गरेको, GPA बराबर भएमा क्रमशः विज्ञान, गणित र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्क (Grade point) बढी भएका तथा अनुसूची-३ मा उल्लिखित आधारमा छनोट भएका दश जना।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भई छात्रवृत्ति प्रदान गर्नका लागि छनोट भएका विद्यार्थीहरुको नाम ठेगाना र सम्बन्धित क्याम्पस सहितको विवरण निर्देशनालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद- ४
## संरचनात्मक व्यवस्था

८. **निर्देशक समितिः** छात्रवृत्ति सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्ने प्रयोजनको लागि आवश्यक नीति तर्जुमा तथा मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) मन्त्रालयबाट मनोनित सम्बन्धित क्षेत्रको विषय विज्ञ -सदस्य

(ङ) महानिर्देशक, निर्देशनालय -सदस्य सचिव

९. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छात्रवृत्ति सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने,

(ख) छात्रवृत्ति प्रदान गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(ग) छात्रवृत्ति छनोटका सम्बन्धमा कुनै अस्पष्टता भएमा आधार तय गरी छनोट समितिलाई आवश्यक निर्देशन दिने,

(घ) छात्रवृत्ति सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयनका लागि निर्देशनालयलाई निर्देशन दिने,

(ङ) शैक्षिक छात्रवृत्ति सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सार्वजनिक खर्चको मापदण्ड बमोजिम हुनेछ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१०.** **समितिः** (१) यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न देहाय बमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछः-

(क) महानिर्देशक, निर्देशनालय - संयोजक

(ख) प्रमुख, उच्च शिक्षा हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, योजना तथा

शिक्षा विकास शाखा,
निर्देशनालय -सदस्य सचिव

(२) समितिले बैठकमा बढीमा दुईजना छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित विषय विज्ञ तथा मन्त्रालयको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

११. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्देशिकाले तोकेको मापदण्ड अनुसार छात्रवृत्तिको किसिम, रकम र सङ्ख्या यकीन गरी आवेदनको लागि सूचना प्रकाशित गर्न निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ख) निर्देशनालयबाट प्रकाशित सूचना अनुसार प्राप्त भएका निवेदनहरूको जाँचबुझ तथा मूल्याङ्कन गर्ने,

(ग) दफा ३ बमोजिमका शैक्षिक छात्रवृत्ति कार्यक्रमअनुसार तोकिएको कोटा र छनोटका आधारमा विद्यार्थीहरुको सिफारिस गर्ने,

(घ) स्थानीय तह, सम्बन्धित क्याम्पस र विश्वविद्यालयसँग आवश्यक विवरण माग गर्ने तथा समन्वय गर्ने,

(ङ) निर्देशक समितिले दिएको निर्देशन तथा मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

१२. **छात्रवृत्तिको रकम र निकासा प्रक्रियाः** (१) छात्रवृत्तिको रकम एम.वी.वी.एस (MBBS) र बी.ए.एम.एस (BAMS) को हकमा चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको र बी.भि.एस.सी. (BVSc) भेटनरी डाक्टर, कृषि (B.Sc Ag), सिभिल इन्जिनियरिङ (B.E civil), सूचना प्रविधि इन्जिनियरिङ (BE IT) को छात्रवृत्तिको हकमा सम्बन्धित विश्वविद्यालय/क्याम्पसबाट निर्धारण गरेको शुल्क तीन किस्तामा उपलब्ध गराइनेछ। प्रथम किस्ता भर्नाको समयमा वा भर्ना पश्चात् कुल शुल्कको पैंतीस प्रतिशत, दोस्रो किस्ता दोस्रो वर्षमा कुल शुल्कको चालीस प्रतिशत तथा शैक्षिक अध्ययनको अन्तिम वर्षमा बाँकी पच्चीस प्रतिशत रकम सम्बन्धित क्याम्पसको बैंक खातामा निकासा गरिनेछ।

(२) स्टाफ नर्स अध्ययन छात्रवृत्तिको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी वा निजी सम्बन्धन प्राप्त शिक्षालयमा CTEVT ले निर्धारण गरेको शुल्कका आधारमा भर्ना भएको वा भर्ना हुने शिक्षालयलाई शैक्षिक कार्यक्रमको शुल्क दुई किस्तामा उपलब्ध गराइनेछ। प्रथम किस्ता भर्नाको समयमा वा भर्ना पश्चात् कुल शुल्कको पचास प्रतिशत र शैक्षिक अध्ययनको अन्तिम वर्षमा बाँकी पचास प्रतिशत रकम सम्बन्धित विद्यालय, क्याम्पस वा अध्ययन संस्थानको बैंक खातामा निकासा गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सम्बन्धित विश्वविद्यालयबाट निर्धारण गरेको शुल्क एकमुष्ठ बुझाउनु पर्ने भएमा

समितिको निर्णय र सिफारिस बमोजिम त्यस्तो छात्रवृत्ति एकमुष्ठ रुपमा उपलब्ध गराउन सकिनेछ।

(४) दफा ३ बमोजिमको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई अनुसूची-४ बमोजिमको कबुलियतनामा गराई सोको विवरण सम्बन्धित शिक्षालय/क्याम्पसले निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनुसूची- ५ बमोजिमको प्रतिवेदन निर्देशनालयमा पेस गर्नु पर्नेछ।

## परिच्छेद- ५
## विविध

**१३. विवरण पठाउनु पर्नेः** निर्देशनालयले छात्रवृत्ति प्राप्त गर्ने छात्रा छात्रहरूको विवरण सम्बन्धित शिक्षालय, क्याम्पस, विश्वविद्यालयमा पठाउनु पर्नेछ।

**१४. विवरण उपलब्ध गराउनु पर्नेः** छात्रवृत्ति प्राप्त विद्यार्थी अध्ययन गर्ने शिक्षालय, क्याम्पस र विश्वविद्यालयले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको नाम, ठेगाना, फोन नं, हाजिरी, भर्ना भएको र सम्बन्धित कक्षा/तहको अन्तिम परीक्षामा सामेल भएको व्यहोराको विवरण प्रत्येक वर्ष निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ।

**१५. छात्रवृत्ति वितरण व्यवस्थापन खर्चः** छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन, छात्रवृत्तिको दरखास्त संकलन, बैठक र अनुगमन कार्यको लागि लाग्ने खर्च प्रदेश सरकारको सार्वजनिक खर्च मापदण्ड

बमोजिम गर्ने गरी छात्रवृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट व्यवस्थापन गरिनेछ।

१६. **प्रतिवेदन पेस गर्नु पर्नेः** निर्देशनालयले यस निर्देशिका बमोजिम वितरण गरेको छात्रवृत्ति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

१७. **अभिलेख राख्नुपर्नेः** यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको अभिलेख निर्देशनालयले राख्नु पर्नेछ।

१८. **लेखा तथा लेखापरीक्षणः** (१) छात्रवृत्ति रकमको लेखा प्रचलित कानून बमोजिम प्रदेश सरकारले अपनाएको लेखामान बमोजिम राखिनेछ।

(२) भुक्तानी हुने छात्रवृत्ति रकमको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१९. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले यस निर्देशिकामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा अध्ययन बीचैमा छाडेमा वा यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले अन्य निकाय वा विश्वविद्यालयबाट समेत छात्रवृत्ति प्राप्त गरी दोहोरो छात्रवृत्ति लिएमा निजलाई यस निर्देशिका बमोजिम प्रदान गरिएको छात्रवृत्ति रकम निजको घरघरानाबाट निर्देशनालयले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

२०. **<u>प्रदेश सरकारले सेवामा खटाउन सक्ने</u>**: (१) यस निर्देशिका बमोजिमको छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा गरेको विद्यार्थीहरुको हकमा अध्ययन पूरा गरेको एक वर्षभित्र प्रदेश सरकारले आवश्यक ठानेमा बढिमा दुई वर्षसम्मका लागि प्रदेशभित्रको सम्बन्धित क्षेत्रको सार्वजनिक सेवामा खटाउन सक्नेछ। त्यसरी खटाएमा खटाएको ठाउँमा सेवा गर्न जानु त्यस्तो विद्यार्थीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सेवामा खटाउँदा निजलाई प्रचलित कानून बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

२१. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>**: यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **<u>खारेजी र बचाउ</u>**: (१) शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ४ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**श्री शिक्षा विकास निर्देशनालय**
**बागमती प्रदेश, हेटौंडा, नेपाल।**

**विषयः सीमान्तीकृत समुदाय वा विपन्न सिफारिस गरिएको।**

उपरोक्त सम्बन्धमा श्री.................. को नीति/नातिनी श्री....................... को छोरा/छोरी जिल्ला................ गाउँपालिका/नपा/उमनपा/मनपा ........... वडा नं. ........ बस्ने वर्ष ...........को श्री/सुश्री/श्रीमती ....................... मिति ...........देखि........ सम्म ..........सामुदायिक विद्यालयमा अध्ययन गरी एसईई/एसएलसी उत्तीर्ण गरेका विद्यार्थी हुन्। निज........./............../............ कारणले विपन्न् भएको व्यहोरा सिफारिस गरिएको छ। माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**सिफारिस गर्नेः**
दस्तखतः
नामः
पदः
कार्यालयः
मितिः

## अनुसूची- २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## शैक्षिक छात्रवृत्ति निवेदन फाराम

श्री शिक्षा विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा, नेपाल।

विषय: **छात्रवृत्ति सम्बन्धमा।**

महोदय,

शिक्षा विकास निर्देशनालय, हेटौंडाको मिति ....... को सूचना बमोजिम शिक्षालय/क्याम्पस/प्रतिष्ठान/विश्विवद्यालय अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई यो निवेदन पेस गरेको छु।

१. अध्ययन गर्ने वा अध्ययन गरिरहेको विषय र छात्रवृत्तिको किसिमः ....................

२. व्यक्तिगत विवरण:

(क) नाम:

(ख) ठेगाना:

(ग) फोन नं.: मोवाइल नं.

(घ) इमेलः

(ङ) पिता/माताको नाम:

(च) हजुर बुवाको नामः

(छ) वैवाहिक स्थिति: विवाहित / अविवाहित

(ज) विवाहित भए पति/पत्नीको:

नामः

ठेगाना:

फोन नं.: मोवाइल नंः

(झ) रोजगारीको स्थिति : रोजगार ☐ बेरोजगार ☐

(ञ) रोजगार भए रोजगारदाताको:

नाम:

ठेगाना:

फोन नं.: मोबाइल नं.:

(ट) उत्तीर्ण गरेको शैक्षिक तह र संकायः

(क) एसईईः

(ख) कक्षा १२ः

३. शैक्षिक विवरण

| क्र.सं | उतीर्ण गरेको/ अध्ययनरत रहेको शैक्षिक तह | अध्ययन गरेको/ अध्ययनरत रहेको शैक्षिक संस्थाको नाम, ठेगाना र सङ्काय | प्रमुख विषय | उत्तिर्ण साल | श्रेणी/जिपिए (GPA) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एसईई | | | | | |
| २. | कक्षा १२ | | | | | |

४. स्वास्थ्य शिक्षा तर्फः एमबिबिएस/आयुर्वेर्दिक चिकित्सक/स्टाफ नर्स संस्थालाई बुझाउनुपर्ने कूल शुल्कः

५. पशु चिकित्सा र कृषि शिक्षा तर्फः भेटनरी डाक्टर बी.भी.एस.सी./ B.Sc Ag संस्थालाई बुझाउनुपर्ने कुल शुल्कः

६. इन्जिनियरिङ तर्फः सिभिल इन्जिनियरिङ (B.E Civil Engineering)/ सूचना प्रविधि इन्जिनियरिङ (BE IT)

७. माथि उल्लेख गरेको व्यहोरा ठीक/साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

नामः

दस्तखतः

स्थायी ठेगानाः

क्याम्पसको नामः

**नोटः** **<u>निवेदन साथ पेस गर्नु पर्ने कागजात</u>**

(क) बागमती प्रदेशको स्थायी बासिन्दा भएको निस्सा,

(ख) सबै तहको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रमाणित प्रतिलिपिहरु,

(ग) आफूले अध्ययन गरी उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(घ) MBBS र BAMS को हकमा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाणित योग्यताक्रमको सूची र भर्ना भएको भए सो को निस्सा,

(ङ) स्टाफ नर्स अध्ययन छात्रवृत्तिको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी वा निजी सम्बन्धन प्राप्त शिक्षालयमा भर्ना भई कक्षा दशमा प्राप्त गरेको GPA र विज्ञान, गणित र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्क (Grade point) र भर्ना भएको निस्सा,

(च) BVSc भेटनरी डाक्टर, कृषि (B.Sc.Ag.) , इन्जिनियरिङ विषयको पढाई हुने कलेज वा विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाणित योग्यताक्रमको सूची र भर्ना भएको भए सो को निस्सा,

(छ) भर्ना भएको वा हुने शिक्षालय/क्याम्पसको सिफारिस पत्र।

## अनुसूची- ३

(दफा ७ को उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) सँग सम्बन्धित)

एम.बी.बी.एस. (MBBS),बी.ए.एम.एस (BAMS),पशु चिकित्सक बी.भी.एस.सी. (B.V.Sc. & A.H.), कृषि(B.Sc.Ag.), सिभिल इन्जिनियरिङ (B.E Civil), सूचना प्रविधि इन्जिनियरिङ (BE IT) र स्टाफ नर्स अध्ययनरत छात्रा छात्रलाई प्रदान गरिने छात्रवृत्तिका लागि छनोट सम्बन्धी मापदण्डः-

(क) चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति अन्तर्गत स्नातक तह एम.बी.बी.एस (MBBS) को हकमा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रममा सिफारिस भएका मध्येबाट योग्यता सूचीको प्राथमिकतामा रहेको,

(ख) आयुर्वेद शिक्षा अध्ययन छात्रवृत्ति अन्तर्गत स्नातक तह बी.ए.एम.एस (BAMS) आयुर्वेदिक चिकित्सकको हकमा चिकित्सा शिक्षा आयोगबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रममा सिफारिस भएका मध्येबाट योग्यता सूचीको प्राथमिकतामा रहेको,

(ग) पशु चिकित्सा शिक्षा छात्रवृत्ति अन्तर्गत बी.भि.एस.सी (BVSc) भेटनरी डाक्टर र कृषि शिक्षा (B.Sc.Ag) विषयको पढाई हुने बागमती प्रदेशभित्र सञ्चालित क्याम्पस/विश्वविद्यालयका लागि सम्बन्धित विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रममा सिफारिस भएका मध्येबाट योग्यता सूचीको प्राथमिकतामा रहेको। योग्यताक्रमको सूचीमा स्पष्ट नभएमा कक्षा बाह्र मा बढी CGPA प्राप्त गरेको।

(घ) इन्जिनियरिङ तर्फको छात्रवृत्ति अन्तर्गत सिभिल इन्जिनियरिङ (B.E Civil) र सूचना प्रविधि इन्जिनियरिङ (BE IT) विषयको पढाई हुने बागमती प्रदेशभित्र सञ्चालित क्याम्पस विश्वविद्यालयका

लागि सम्बन्धित विश्वविद्यालयबाट सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण गरी योग्यताक्रममा सिफारिस भएका मध्येबाट योग्यता सूचीको प्राथमिकतामा रहेको। योग्यताक्रमको सूचीमा स्पष्ट नभएमा कक्षा बाह्र मा बढी GPA प्राप्त गरेको।

(ङ) स्टाफ नर्स अध्ययन छात्रवृत्तिको हकमा CTEVT अन्तर्गतको आङ्गिक, साझेदारी र निजी सम्बन्धन स्वीकृति प्राप्त शिक्षालयमा भर्ना भई कक्षा दश मा बढी GPA प्राप्त गरेको, GPA बराबर भएमा क्रमशः विज्ञान, गणित र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्क (Grade point) बढी भएका विद्यार्थी,

# अनुसूची- ४

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

## कबुलियतनामा

श्री ............................... को नाति/नातिनी श्री ............................... को छोरा/छोरी/बुहारी जिल्ला ......................... गा.पा. / न.पा./ उ.म.न.पा./ म.न.पा. ............................ वडा. नं. .......... मा स्थायी बसोबास भएको हाल ..............................शिक्षालय/क्याम्पस/प्रतिष्ठानमा.............................. विषयमा अध्ययनरत विद्यार्थी म ...................................................... (नागरीकता नं. ........................) शिक्षा विकास निर्देशनालय, हेटौंडाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति अन्तर्गत ..................................... तहको लागि प्रदान हुने छात्रवृत्तिको लागि छनोट भएकोले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८२ का शर्तहरुको पूर्ण पालना गर्नेछु।सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम फिर्ता गर्नेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी शिक्षा विकास निर्देशनालयमा पेस गरेको छु।

**छात्रवृत्ति पाउनेको**

दस्तखत:

नाम:

सम्पर्क ठेगाना:

इमेल:

मोबाइल नं.:

मिति:

नोट: अध्ययन सम्पन्न भए पश्चात शिक्षा विकास निर्देशनालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

## अनुसूची- ५

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**<u>प्रतिवेदन</u>**

**श्री शिक्षा विकास निर्देशनालय**
**बागमती प्रदेश, हेटौडा।**

**विषयः प्रतिवेदन।**

शिक्षा विकास निर्देशनालयबाट...............................विषयमा अध्ययन गर्न छात्रवृत्ति प्राप्त गरी शैक्षिक सत्र .........देखि............सम्म अध्ययन सम्पन्न गरी निम्नानुसारको विवरण सहितको यो प्रतिवेदन पेस गरेको छु।

<u>पेस गर्नुपर्ने विवरणः</u>

(क) अध्ययनको विषयः
(ख) अध्ययन गरेको संस्थाको नाम र ठेगानाः
(ग) हासिल गरेको शैक्षिक योग्यताः
(घ) अध्ययन गरेको समयः देखि सम्म
(ङ) शैक्षिक उपाधिको प्रतिलिपिः

<u>प्रतिवेदन पेस गर्नेः</u>
दस्तखतः
नामः
ठेगानाः
मितिः

**आज्ञाले,**
**खुबिराम अधिकारी**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-